# हिमा गाउँपालिका

**Hima Rural Municipality**

# गाउँ कार्यपालिकाको कार्यालय

**Office of The Rural Municipal Executive**

कालिकाखेतु, जुम्ला ।

Kalika khetu, Jumla

सम्पर्क नं.: ९८५८३२०४३८

ito.himamun@gmail.com

info@himamun.gov.np

Karnali Province, Nepal


प.स.:२०८२/०८३ | च.नं.: | मिति: २०८३/०१/१६

## प्रथम पटक प्रकाशित सूचना

## सूचना! सूचना!! सूचना!!!

प्रस्तुत विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मिति २०८२/०६/२३ गतेको अख्तियारी प्राप्त पत्रानुसार आ. व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत आयआर्जन तथा जीविकोपार्जन सुधारका माध्यमबाट महिला सशक्तीकरण र महिलाद्धारा स्थापित तथा सञ्चालित संस्थाको क्षमता अभिवृद्धिका साथै विपन्न वा बहुविपन्न महिलाहरुलाई रोजगारमा आवद्ध गराई जीवनस्तरमा बढोत्तरी ल्याउने उद्देश्य अनुरुप स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम यस गाउँपालिकाको इच्छुक महिला सहकारी संस्थाहरुले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र आ-आफ्नो संस्थाको तपसिल बमोजमको मापदण्ड पूरा भएको कागजात सहित यस गाउँपालिकाको महिला तथा बालबालिका शाखामा कार्यालय समयमा प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ।

०१/१६

**जालन्धर भुसाल**

**प्रमुख प्रशासकीय अधिकृत**

### आवश्यक कागजातहरु:

१. संस्थाको विधान वा उद्देश्य, परिचय, कार्यसञ्चालन प्रक्रिया, भौतिक तथा वित्तीय स्रोत सम्बन्धि विवरण अनिवार्य हुनुपर्ने छ।

२. प्रस्तावित व्यवसायको अवधारणा पत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण अनिवार्य पेश गर्नुपर्ने छ।

३. प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिप थान १/१,

४. अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाण पत्रको प्रतिलिपी तथा लेखा परीक्षण प्रतिवेदन थान १/१,

५. गाउँपालिकाको आवद्धता तथा सूचीकृत प्रमाण पत्रको प्रतिलिपी थान १/१,

६. कालो सूचीमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्वःघोषणा पत्र,

७. कृषि तथा गैरकृषि उत्पादनसँग जोडिएका व्यवसायिहरु र सो कार्यलाई सहयोग पुग्ने अनुसूची ५ बमोजिमको व्यवसायिक योजना पेश भएको हुनुपर्ने

८. व्यवसायिक योजना पेश गर्दा तालिम प्रदायक संस्था/स्थानीय तहले दफा १२ मा उल्लेख भएका लक्षित समुदायका महिलाको आयआर्जन, जिविकोपार्जन सुधार तथा आर्थिक सशक्तिकरण हुने कार्यान्वयन कार्ययोजना समेत संलग्न गरी प्रस्ताव पेश गर्नुपर्ने छ।

CamScanner